# संघीयताको प्रभावकारी कार्यान्वयनमा जिल्ला समन्वय समितिको भूमिका



विष्णु न्यौपाने

> ‘जिल्ला समन्वय समितिले समितिको समन्वय, अनुगमन तथा सहजीकरण र समग्र क्षेत्राधिकारप्रति सरोकारवालाहरूको कार्यसम्पादनमा प्रभाव पारेको सबै प्रदेशमा बुझ्न सकिन्छ ।’

## पृष्ठभूमि

नेपालको संविधानले नागरिकको मौलिक हक परिचालनका लागि राज्यको संरचना र राज्यशक्तिको बाँडफाँट गरी सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेर राज्यको मूल संरचनाका रूपमा संघ, प्रदेश र स्थानीय सरकारको व्यवस्था गरेको छ । यसका अतिरिक्त सहकार्य, समन्वय र सहअस्तित्व कायम गरी एकआपसमा राज्य सञ्चालन गर्न सहज हुने परिकल्पना पनि गरेको छ। जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाहरू एवम् सरकारी कार्यालय तथा पालिकाहरूबीच समन्वय गर्न र विकास निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न साथै अनुगमन तथा समन्वय गर्नका लागि संविधानले जिल्ला सभा र जिल्ला समन्वय समितिको पनि व्यवस्था गरेको छ। यस्तो संरचनागत व्यवस्था भइसकेपछि अबको कार्य भनेको नेपाल सरकारले अघि सारेको ‘समृद्ध नेपाल, सुखी नेपाली’को सामयिक सङ्कल्प पूरा गर्न विकास, समृद्धि र सामाजिक तथा आर्थिक रूपान्तरणमा टेवा पुऱ्याउँदै आ-आफ्नो संघ, प्रदेश तथा स्थानीय सरकारको परिवेश सुहाउँदो विकास एवम् क्षमता विकास गर्नु पर्ने खाँचो छ । यसमा जिल्ला समन्वय समितिले पनि महत्वपूर्ण भूमिका खेल्न सक्दछ।

वि.सं. २०७२ मा नेपालको संविधान जारी भएपछि पहिलेको जिल्ला विकास समितिबाट जिल्ला समन्वय समितिमा परिणत भएको जिल्ला समन्वय समिति (जिसस)को भूमिका र क्षमता विकासको काममा जिससहरूको सक्रियतालाई लिएर विभिन्न टीकाटिप्पणीहरू हुने गरेका छन् । जिल्ला समन्वय समितिको गठनका लागि जिल्ला सभाले एकजना प्रमुख, एकजना उपप्रमुख, कम्तीमा तीनजना महिला र कम्तीमा एकजना दलित वा अल्पसङ्ख्यकसहित बढीमा नौजना सदस्य रहने गरी निर्वाचन गर्ने र सो समितिले जिल्लासभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ भन्ने उल्लेख छ। विगत दुई वर्षदेखि प्रदेश सुशासन केन्द्रले जिल्ला समन्वय समितिलाई क्षमता विकास तालिममा सहभागी बनाएर एवम् सङ्घीय मामिला तथा

सामान्य प्रशासन मन्त्रालयले पनि निर्देशानुसार स्थानीय तहमा संस्थागत क्षमता स्वमूल्याङ्कन, वित्तीय जोखिम न्यूनीकरण लगायतका कार्यक्रमहरूको अनुगमन तथा सहजीकरण गरेर महत्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

जिल्ला समन्वय समितिले समितिको समन्वय, अनुगमन तथा सहजीकरण र समग्र क्षेत्राधिकारप्रति सरोकारवालाहरूको कार्यसम्पादनमा प्रभाव पारेको सबै प्रदेशमा बुभ्न सकिन्छ । यस सिलसिलामा लुम्बिनी प्रदेशमा पाइएको जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारका बारेमा सरोकारवालाहरूको भनाइलाई आधार मानेर यो लेख तयार गरिएको छ। यस लेखका पङ्क्तिकारसँग स्वयं विगत दुई वर्षदेखि लुम्बिनी प्रदेशस्थित प्रदेश सुशासन केन्द्रमा रही कार्य गरेको अनुभव भएकाले पनि यस लेखमा लुम्बिनी प्रदेशका सरोकारवालाहरूसँग रहेका जिल्ला समन्वय समितिबारेका विचार तथा अनुभवहरू बढी मात्रामा समेटिएका छन् । यद्यपि, यसमा व्यक्त विचारहरूले सबै प्रदेशका जिल्ला समन्वय समितिलाई प्रभावकारी कार्यसम्पादन गर्न टेवा पुग्ने विश्वास लिन सकिन्छ ।

> 'दफा ९२ मा जिल्ला समन्वय समितिका एघारवटा काम, कर्तव्य र अधिकारहरू उल्लेख गरिएका छन्'

## संविधान तथा ऐनमा जिल्ला समन्वय समिति

नेपालको संविधान, वि.सं. २०७२ को धारा २२० को उपधारा (७) मा जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारका बारेमा उल्लेख गरिएको छ (हेर्नुहोस् बक्स -१) ।

**बक्स-१ :**
**जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार**

क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने ।
ख) विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने ।
ग) जिल्लामा रहने संघीय र प्रदेशका सरकारी कार्यालय एवम् गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने ।
घ) प्रदेश कानूनबमोजिमका अन्य कार्यहरू गर्ने ।

स्रोत: संविधानको धारा २२० को उपधारा (७)

यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि जिल्ला समन्वय समितिसम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको छ । यस ऐनको दफा ९३ देखि ९६ सम्म जिल्ला समन्वय समितिसम्बन्धी कानूनी व्यवस्थाका कुराहरू छन् । दफा ९२ मा जिल्ला समन्वय समितिका एघारवटा काम, कर्तव्य र अधिकारहरू उल्लेख गरिएका छन्, जसको मुख्य सार निम्नानुसार रहेको छ :

- पालिकाहरूको विकास निर्माणका विषय पहिचान गर्ने,
- सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रमहरूको व्यवस्थापन प्रभावकारिता र अनुगमन गरी पर्यावरणीय सन्तुलन कायम गराउने,
- पालिकाहरूको क्षमता विकास गराउने,
- जिल्लाभित्रका संघीय तथा प्रादेशिक सरकारी कार्यालय र पालिकाहरूबीच समन्वय कायम गर्ने,
- पालिकाहरूबीचको विवाद समाधानका लागि सहजीकरण गर्ने,
- प्रकोप र विपद् व्यवस्थापन कार्यको समन्वय गर्ने,
- गैसस र निजी क्षेत्रसँग समन्वय गर्ने,
- विकास निर्माण कार्यमा सन्तुलन भए नभएको अध्ययन अनुसन्धान गरी संघ, प्रदेश र पालिका सरकारलाई सुभाव दिने,
- आफ्ना काम, कारवाहीका बारेमा सम्बन्धित प्रदेश तथा संघीय मन्त्रालयलाई प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास, निर्माणको प्रभावकारिताका बारेमा समीक्षा गर्ने,
- संघ तथा प्रदेशले तोकेका अन्य कामहरू गर्ने ।

लुम्बिनी प्रदेशको सन्दर्भमा, लुम्बिनी प्रदेश सरकारले पारित गरेको 'जिल्ला सभा तथा जिल्ला समन्वय समिति सञ्चालन ऐन २०७५' को दफा ३ द्वारा निम्नानुसार थप सातवटा अधिकारहरू जिल्ला समन्वय समितिलाई प्रदान गरिएको छ :

१) जिल्लाभित्र गैरसरकारी संघ-संस्थाबाट सञ्चालन भइरहेका योजना र कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता तथा योजना र कार्यक्रमहरू सन्तुलित किसिमले भए नभएको सम्बन्धमा अनुगमन गरेर दोहोरो नहुने गरी उपयुक्त स्थानमा पठाउन सम्बन्धित स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने ।
२) जिल्लाभित्रका दुई वा सोभन्दा बढी स्थानीय तहबीच रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने ।

३) जिल्लाभित्रका एकभन्दा बढी स्थानीय तह प्रभावित हुने आयोजना तथा परियोजना सञ्चालन गर्दा प्रचलित कानूनबमोजिम प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन गर्न समन्वय गर्ने ।
४) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने ।
५) जिल्लाभित्रका स्थानीय तहले बनाएका कानूनहरूको अभिलेखीकरण गर्ने ।
६) आवश्यकताअनुसार प्राकृतिक स्रोत व्यवस्थापन, अनुगमन र समन्वय गर्न आवश्यक समितिहरू गठन गर्ने ।
७) जिल्लाभित्र स्थानीय तहले गरेको कामले समग्र जिल्लाको विकासमा पारेको प्रभाव र गर्नुपर्ने सुधारका बारेमा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय सांसद एवम् प्रदेश सभाका सदस्यलाई प्रतिवेदन दिने ।

यसैबीच, स्थानीय सरकार सञ्चालन ऐनवाहेक अन्य संघीय कानून तथा प्रदेश कानूनमा पनि जिल्लासभा र जिल्ला समन्वय समिति एवम् त्यसका प्रमुखलगायतको भूमिकाका बारेमा उल्लेख गरिएको पाइन्छ । सबै प्रदेशबाट जिल्लासभाका सम्बन्धमा साथै सभाका सदस्यले पाउने सेवा-सुविधाका सम्बन्धमा एवम् केही काम तथा अधिकारहरू थप गरेर ऐन तर्जुमा गरेको देखिन्छ । अधिकांश जिल्लासभाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ को उपदफा (४) बमोजिम आफ्नो अधिकार क्षेत्रका विषयमा आवश्यक कार्यविधि तथा मापदण्ड बनाई लागू गर्ने प्रयास पनि गरेका छन् ।

> 'सरोकारवालाहरुको बुझाइमा यस समितिको समन्वय, अनुगमन तथा पृष्ठपोषण र समग्र क्षेत्राधिकारप्रति पनि अन्योल रहेको छ ।'

## वर्तमान स्थिति र सरोकारवालाहरूको भनाइ

सरोकारवालाहरूको दृष्टिकोणमा जिल्लासभा तथा जिल्ला समन्वय समितिले अपेक्षित रूपमा प्रभावकारी ढङ्गले कार्यसम्पादन गर्न सकिरहेका छैनन् । सरोकारवालाहरूको बुझाइमा यस समितिको समन्वय, अनुगमन तथा पृष्ठपोषण र समग्र क्षेत्राधिकारप्रति पनि अन्योल रहेको छ । यसको कारण खोतल्दा संविधान तथा विद्यमान कानून र कार्यविधिले प्रदान गरेका अधिकारहरू नपुग रहेकाले नै जिल्ला समन्वय समितिले प्रभावकारी कार्य सम्पादन गर्न नसकेको सरोकारवालाहरूका भनाइहरू सुनिन्छन् । यद्यपि, जिल्ला समन्वय समितिको भूमिका महत्वपूर्ण रहेको र संविधानको सफल कार्यान्वयन गर्न यो कोशेढुङ्गा साबित भएको भन्नेहरू पनि छन् । यस सन्दर्भमा केही जिल्ला समन्वय प्रमुख, पालिका प्रमुख, प्रदेश सरकार एवम् सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सरोकारवालाहरूको भनाइलाई हेरौं :

- जिल्ला समन्वय समिति, गुल्मीका प्रमुख तथा चन्द्रकोट गाउँपालिकाका निवर्तमान अध्यक्ष द्रोण खत्री बताउनु हुन्छ, *तीन तहको सरकारसँग समन्वय गर्ने, जिल्लामा भएका संघ, प्रदेश तथा स्थानीय सरकारका विकासका कामको योजना र अनुगमनमा सहयोग गरी प्रतिवेदन तयार पार्ने र समन्वयको भूमिका खेल्ने काम गर्न सके जिल्ला समन्वय समितिको भूमिका निकै प्रभावकारी हुन्छ । यो समितिलाई पहिलेको जस्तो विकासे अड्डाको रूपमा रहेको जिल्ला विकास समिति भनेर बुझ्नु नहुने* पनि उहाँ उल्लेख गर्नुहुन्छ ।
- *स्थानीय तहमा आफैंबाट सञ्चालित योजनाको अनुगमनका लागि पालिकाहरू सक्षम भएकाले जिल्ला समन्वय समितिले बढी जोड प्रदेश र संघीय सरकारबाट सञ्चालित योजनाहरूको सूक्ष्म अनुगमन तथा समन्वयकारी भूमिकामा दिनुपर्ने तथा जिल्लाका गौरवपूर्ण योजना, रणनीतिक योजना आदिको तर्जुमा गरी आफ्नो क्षमता पनि प्रदर्शन गरेमात्र यो समितिको गतिशीलता देखिनसक्ने* दाङ जिल्लाको घोराही उपमहानगरपालिकाका प्रमुख नरुलाल चौधरीको मत छ ।
- *जिल्ला समन्वय समितिलाई कति प्रभावकारी बनाउने भन्ने कुरा त्यहाँ रहेका पदाधिकारीको संविधानले प्रदान गरेको अधिकार कार्यान्वयन गर्ने क्षमतामा भर पर्ने* सुनिल स्मृति गाउँपालिका, रोल्पाका अध्यक्ष मणिराम बुढाथोकीको धारणा छ ।
- सिस्ने गाउँपालिका, रुकुम (पूर्व)का अध्यक्ष कृष्ण रेग्मीका अनुसार *जिल्ला समन्वय समितिले आफ्नो जिल्लाको योजना तथा अनुगमनका सूचाङ्कहरू बनाएर स्थानीय सरकार तथा सरोकारवालाहरूसँग समन्वय गर्नुपर्छ । स्थानीय तहहरूको आफ्नै अनुगमन प्रणाली तथा मानव स्रोत-साधन हुनेहुँदा स्थानीय तहले गरेको अनुगमनको पनि अनुगमन गर्नु पर्ने तथा यथार्थ रूपमा प्रतिवेदन निकाल्नु पर्ने क्षमता यस समितिले राख्नु पर्छ ।*
- जिल्ला समन्वय समिति, बाँकेका निवर्तमान प्रमुख अजयकुमार श्रीवास्तव भने अलिक फरक मत राख्नुहुन्छ

*- मेरो पाँच वर्षे कार्यकालमा हाम्रो बलबुताले भ्याएको समन्वय, अनुगमन तथा सहजीकरण गरेर पठाइएका प्रतिवेदनउपर संघ तथा प्रदेश सरकारले धन्यवाद दिनसम्म पनि जरुरी ठान्नेनन्। हामीले तयार गरेर दिएका प्रतिवेदनको अलिकति पनि कार्यान्वयन हुँदैन भने यो महत्वपूर्ण समिति हुँदाहुँदै पनि यसको औचित्य हुँदैन।*

- जिल्ला समन्वय समिति महासंघ, लुम्बिनी प्रदेशकी प्रमुख मीरा मरासिनी भन्नुहुन्छ - *समितिका सम्पूर्ण सदस्यहरूलाई जिम्मेवार बनाएर आ-आफ्नो पालिकाको अनुगमन गर्न लगाउने हाम्रो परिपाटीले समितिले समन्वय र अनुगमनका सन्दर्भमा राम्रो गरेको तर अनुगमन गरेर बनाइएका प्रतिवेदन कार्यान्वयन गराउने अधिकार नहुँदा समिति नै अपाङ्ग भएको हो कि भन्ने लागेको छ।*
- कपिलवस्तुको महाराजगञ्ज नगरपालिकाका प्रमुख अब्दुल कलामको धारणा छ- *सुरुआती चरणमा स्थानीय सरकारको सीमा विवादमा जिल्ला समन्वय समितिले खेलेको केही भूमिका बाहेक अरू कुनै उपलब्धिमूलक काम गरेकोजस्तो मलाई लाग्दैन। त्यसैले वर्तमान परिप्रेक्ष्यमा जिल्ला समन्वय समितिले खासै महत्व राख्दैन।*
- नवलपरासी (सुस्ता पश्चिम)का जिल्ला समन्वय अधिकारी विजय कार्की *जिल्ला समन्वय समितिले गर्नसक्ने काम निकै भएको बताउनु हुन्छ। समितिमा जाने कर्मचारी निश्चित समयसम्म बस्नैपर्ने नियम बनाउनु पर्ने र उनीहरूको क्षमता वृद्धिमा जोड दिनुपर्ने उहाँको दृष्टिकोण छ।* उहाँ थप्नुहुन्छ- *मानव स्रोत-साधनको कमीले गर्दा पनि प्राविधिकले गरेका योजनाको अनुगमन प्राविधिकविनाका कर्मचारीले नाङ्गा आँखाको भरमा गर्नुपर्ने चुनौती रहेको छ। विकास साझेदार तथा अन्य निकायले यस समितिलाई सङ्घबाट कर्मचारी दिने र आवश्यक न्यून सञ्चालन खर्च दिने गरेकाले जिल्ला समन्वय समिति भनेको सङ्घीय संरचना हो भनेर बुझ्ने गरिएको अनुभव पनि छ।*
- नाम नखुलाउने शर्तमा एकजना निवर्तमान पालिका प्रमुख आफ्नो विचार व्यक्त गर्नुहुन्छ, *जिल्ला समन्वय समिति भनेकै समन्वय, अनुगमन र सहजीकरण गर्ने निकाय हो। संविधानले दिएको अधिकार उपयोग गरी क्षमता बढाउनुको साटो यो र त्यो अधिकार पुगेन भन्दा कतै भुँइमा खसेको टिप्छु भन्दैगर्दा पोल्टाको पोखिने डर त हुँदैन ?*
- मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेशका प्रवक्ता नरेन्द्रकुमार रानाको भनाइ छ, *जिल्ला समन्वय समितिले आफ्नो जिल्लाका सबै निकायहरूलाई एकै ठाउँमा राखी नीतिगत छलफल र अनुगमन गर्नु तथा प्रदेश सरकारले कानून बनाएर दिएको अधिकार कार्यान्वयन गर्न जिल्ला समन्वय समितिले दखल राख्नुपर्छ। चार-चार महिनामा जिल्लास्थित संघ, प्रदेश सरकार तथा स्थानीय तहबाट सञ्चालित आयोजनाको समन्वय, सहजीकरण र अनुगमन गरी प्रतिवेदन सार्वजनिक गरेर योजनाको कार्यान्वयन सन्तोषजनक रहे नरहेको जानकारी प्रदेश तथा स्थानीय तह र नागरिक लगायत सरोकारवाला सबैलाई दिन सकेमात्र पनि जिल्ला समन्वय समितिको प्रष्ट भूमिका झल्किन्छ।*
- *जिल्ला समन्वय समितिलाई प्रदत्त अधिकारको मात्रै प्रयोग गर्ने हो भने पनि यसले राम्रो काम गर्न सक्छ, जस्तै : सामुदायिक विद्यालयको गुणस्तरका लागि सरोकारवालासँग समन्वय गरी अनुगमन गरेर सुधार गर्न आवश्यक कुराहरू समेटेर प्रतिवेदन सार्वजनिक गर्ने तथा आ-आफ्नो जिल्लाका स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन र बेरुजू अङ्कमात्र समितिले नागरिकका लागि सार्वजनिक गर्ने हो भने यसले समितिको गरिमा बढ्ने* सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता बसन्त अधिकारी बताउनु हुन्छ।

## जिल्ला समन्वय समितिको प्रभावकारिता बढाउन गर्न सकिने सुझावहरू

जिल्ला समन्वय समितिलाई संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा प्रदेश सरकारबाट बनाइएको कानूनले प्रदान गरेको काम, कर्तव्य र अधिकारबमोजिम कार्यसम्पादन गर्न क्षमता विकास गरी समन्वय, अनुगमन तथा सहजीकरणमा गतिशील बनाउनु जरूरी छ। कानूनी, नीतिगत, संगठनात्मक, प्रणालीगत र क्षमता विकासमा सुधार ल्याएर संघीयताको सफल कार्यान्वयनका लागि यस समितिको प्रभावकारिता बढाउन निम्न सुझावहरू उपयुक्त हुने देखिन्छन् :

१) जिससको समन्वयमा दोहोरोपना नहुनेगरी तीनै तहका सरकारले संयुक्त रूपमा जिल्लामा लागू हुने योजना निर्माण प्रक्रियामा सहभागिता जनाउने र सबैलाई मान्य हुने वैज्ञानिक आधारमा अनुगमनका सूचाङ्कहरू बनाउने र प्रभावकारी रूपमा कार्यान्वयनमा लैजाने।

२) जिससलाई जिल्लाको उकृष्टताको केन्द्रको रूपमा विकास गर्नका निम्ति सार्वजनिक नीतिहरूको पैरवी गरी अनुसन्धान केन्द्रको रूपमा विकास गर्ने र अनुगमन तथा अनुसन्धानबाट प्राप्त नतिजा र सफल अभ्यासलाई सबै सरोकारवालाहरू समक्ष प्रभावकारी ढङ्गले सम्प्रेषण गर्ने एवम् त्यस्ता अभ्यास लागू गर्न उत्प्रेरित गर्ने ।

३) अन्तरपालिका स्तर तथा संघ, प्रदेश र स्थानीय तहका जिल्लास्तरीय गौरव र रणनीतिक योजनाको निर्माण गर्ने कार्य अविलम्ब अगाडि बढाउने ।

४) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना गरी प्रभावकारी रूपमा डिजिटल प्रविधिबाट सञ्चालन गर्नु पर्ने साथै एकीकृत रूपमा जिल्लाभित्रका स्थानीय तहले बनाएका कानूनहरूको अभिलेखीकरण गरी सोको जानकारी कम्तीमा समितिको वेभसाइट मार्फत सार्वजनिक गर्नु पर्ने ।

५) जिल्लास्थित नदीजन्य सामग्री, जस्तै : ढुङ्गा, गिट्टी बालुवा आदिको उपयोग र अनुगमनमा सहजीकरण गरी कार्यान्वयन ठीक छ छैन भन्ने कुराका सन्दर्भमा यस समितिले पूर्ण जिम्मेवारीका साथ भूमिका खेल्नु पर्ने ।

६) स्थानीय तहले सञ्चालन गर्ने विकास निर्माणका क्रियाकलापहरूको प्रारम्भिक वातावरणीय परीक्षणको कार्य गर्न समन्वय र अनुगमन गर्नु पर्ने ।

७) जिल्ला समन्वय समितिमा हुने प्राविधिक लगायतका सक्षम जनशक्तिलाई निश्चित समयसम्म कार्यालयमा बस्ने र उनीहरूको कार्यसम्पादनको आधारमा प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नु पर्ने ।

८) स्थानीय तहको संस्थागत क्षमता स्वमूल्याङ्कन र बेरुजू अङ्क अनुगमन गरी सोको यथार्थ जानकारी नागरिक तथा सरोकारवालालाई गराउने र सो जानकारीका आधारमा स्थानीय तहले सुधार गरे नगरेको निक्योल गरी संघ तथा प्रदेश सरकारलाई जानकारी गराउने ।

९) जिल्ला समन्वय समितिको क्षमता विकासका लागि संघ तथा प्रदेशस्थित प्रदेश सुशासन केन्द्रको क्षमता विकास तालिम कार्यक्रमसँग समन्वय गरी जिल्लास्थित जनप्रतिनिधि तथा कर्मचारीका लागि मागमा आधारित तालिम तथा अनुशिक्षणका कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्ने ।

१०) जिल्लास्तरमा रहेका संघ तथा प्रदेश सरकार र स्थानीय तहका विकास कार्यक्रमको योजना तर्जुमासम्बन्धी छलफलहरूमा सहभागी हुने र सरसल्लाह प्रदान गर्ने एवम् कार्यक्रमका बारेमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ गर्न गराउन जिससले समन्वयकारी भूमिका खेल्नु पर्ने ।

११) जिल्लास्तरमा रहेका संघ तथा प्रदेश सरकारका सरकारी कार्यालय र स्थानीय तहका विकास कार्यक्रमको अनुगमनका लागि जिल्ला सभाबाट प्राविधिकको सहयोगमा अनुगमन सूचाङ्क तथा कार्यविधि बनाई प्रभावकारी अनुगमन गर्ने र सोको प्रतिवेदनमा उल्लिखित सुझावहरू कार्यान्वयन गर्न गराउन उत्प्रेरित गर्ने ।

१२) जिल्लाभित्र स्थानीय तहले गरेको कामले समग्र जिल्लाको विकासमा पारेको प्रभाव र गर्नुपर्ने सुधारका बारेमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह र जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय सांसद र प्रदेश सभा सदस्यलाई अनिवार्य रूपमा प्रतिवेदन दिई सो प्रतिवेदनमा उल्लिखित सुझावलाई कार्यान्वयन गर्न सहजीकरण गर्ने ।

१३) गृह मन्त्रालयले प्रमुख तथा उपप्रमुखको मर्यादाक्रमको व्यवस्था गरेतापनि जिससका सदस्यको पनि मर्यादाक्रमको व्यवस्था उचित ढङ्गले गरेर अनुगमन तथा सहजीकरणमा उनीहरूलाई प्रभावकारी ढङ्गले क्रियाशील गराउनु पर्ने ।

१४) जिल्ला विकास समितिबाट सिर्जित कोषलाई जिल्ला समन्वय समितिको नाममा कोष तथा लेखा नियन्त्रक कार्यालयको विविध खाताबाट रूपान्तरण गरी सो खाताको रकम जिल्ला सभाले निर्णय गरेको कार्यमा खर्च गर्न पाउने कानूनी प्रावधानका लागि अन्य जिल्ला समन्वय समितिहरूसँग पनि सहकार्य गरी विशेष पैरवी तथा प्रयत्न गर्ने ।

१५) जिल्लास्तरीय अन्य योजना, जस्तै : विपद् जोखिम न्यूनीकरणका लागि प्रतिकार्य योजना, विद्यालय सुधार योजना लगायतका क्षेत्रमा सबै सरकारी तहसँग समन्वय गरी प्रभावकारी रूपमा योजना कार्यान्वयन गर्न सम्बद्ध निकायहरूलाई प्रोत्साहित गर्ने ।

१६) जिल्लास्थित गैससका कार्यप्रगति तथा योजनालाई चौमासिक तथा वार्षिक समीक्षामा अनिवार्य उपस्थित गराई तीनै तहका सरकारका प्रतिनिधि तथा सरोकारवालाहरूको उपस्थितिमा समीक्षा गरी सोको प्रतिवेदन संघ तथा प्रदेश सरकारको स्थानीय तह हेर्ने मन्त्रालयमा पठाउने र प्रतिवेदन कार्यान्वयन भए, नभएको जानकारी लिने ।

### निष्कर्ष

जिल्ला समन्वय समितिको कार्यसम्पादनमा माथि उल्लिखित कामहरू गरिएमा यस समितिको प्रभावकारिता अभिवृद्धि हुने र जिल्लास्थित संघ तथा प्रदेशका योजना र स्थानीय तहको सुशासन एवम् क्षमता विकासमा सुधार ल्याउन मद्दत पुग्ने देखिन्छ । जिल्ला समन्वय प्रमुखले जिल्ला सभाका सदस्यहरूलाई जिल्ला समन्वय समितिका कामहरू प्रभावकारी बनाउन सक्रिय तुल्याउनका लागि सहजीकरण गर्नु पर्दछ । जिल्ला सभामा आफ्नो जिल्लामा रहेका पालिकाका नीति तथा कार्यक्रमहरू पेस गरी छलफल गर्ने प्रक्रिया अवलम्बन गर्ने प्रक्रियाबाट अन्तरपालिका सहयोग र समन्वयात्मक योजना अगाडि बढाउन जिल्ला समन्वय समितिको भूमिका देखिने हुन्छ । संविधानले दिएका अधिकारको पूर्ण उपयोग गरी समन्वय, सहजीकरण र अनुगमनमा जिल्लास्थित संघ, प्रदेश तथा स्थानीय तहका योजनाहरूको प्रभावकारी कार्यान्वयनमा जिससले भूमिका खेल्नु पर्दछ । यसो गरिएमा नागरिकको विकासप्रतिको चाहनामा सकारात्मक योगदान पुऱ्याउँदै संविधान कार्यान्वयनमा जिल्ला समन्वय समितिले खेलेको महत्वपूर्ण भूमिका देखिँदै जानेछ ।

> 'जिल्ला समन्वय प्रमुखले जिल्लासभाकासदस्यहरूलाई जिल्ला समन्वय समितिका कामहरू प्रभावकारी बनाउन सक्रिय तुल्याउनका लागि सहजीकरण गर्नु पर्दछ ।'

***लेखक : विष्णु न्यौपाने पाठ्यक्रम विकास विज्ञका रूपमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम अन्तर्गत प्रदेश सुशासन केन्द्र, लुम्बिनी प्रदेशमा कार्यरत हुनुहुन्छ । प्रस्तुत विचारहरू उहाँ सम्बद्ध संस्थाका नभई लेखकका निजी हुन् ।***

***Email : bishnuneupane.bn@gmail.com***

## डा. चण्डीप्रसाद चापागाईंलाई २०७९ को प्रसिद्ध पुरस्कार



नेपाल सहभागीमूलक कार्य समूह (नेपान) बाट हरेक वर्ष प्रदान गरिने **'प्रसिद्ध कणेल स्मृति विकास लेखन पुरस्कार'** २०७९ बाट सहभागीमूलक तथा सकारात्मक विकासका विषयमा कलम चलाई थुप्रै पुस्तक प्रकाशन गरिसकेका डा. चण्डीप्रसाद चापागाईंलाई प्रदान गरिने भएको छ । नेपानको २८औं वार्षिक साधारणसभाको अवसर पारेर २०७९ भदौ २५ गते उहाँलाई उक्त पुरस्कार अर्पण गरिनेछ । पुरस्कारको राशि १० हजार रुपैयाँ रहेको छ । पुरस्कारका साथ नेपानले एक सम्मानपत्रसमेत प्रदान गर्नेछ ।

वि.सं. २०७४ असोज २४ गते अमेरिकामा स्नातक तहमा अध्ययन गर्दै गरेका आफ्ना सुपुत्र प्रसिद्धको असामयिक निधन भएश्चात् उनको स्मृतिमा उनका बाबा-आमा चेतनाथ कणेल तथा सीता भण्डारी कणेलले २०७४ चैत महिनामा नेपानमा एक लाख रुपैयाँको अक्षयकोष राखी सोही रकमको ब्याजबाट हरेक वर्ष नेपान सदस्य वा गैरसदस्य विकास-लेखकहरूलाई सम्मान गर्ने प्रचलन छ । डा. चापागाईंसमेत सो पुरस्कारबाट हालसम्म सम्मानित हुनुहुने जम्मा ५ जना विकास-लेखक हुनुहुन्छ । २०७५ मा पहिलोपटक सहप्राध्यापक गम्भीरबहादुर हाडालाई सम्मान गरिएको थियो भने २०७६ मा द्वन्द्वविद् डा. विष्णुराज उप्रेतीलाई, २०७७ मा प्रशासन तथा व्यवस्थापनविद् डा. मानबहादुर विश्वकर्मालाई र २०७८ मा कृषि एवम् ग्रामीण विकासविद् प्रा.डा. नरविक्रम थापालाई प्रदान गरिएको थियो ।